# भुसाल बन्धु कुल संरक्षण समिति

## रामीडाँडा (पिंडीखोला–स्याङ्जा)

स्था: २०७७

## Bhusalbandhu Kul Protection Committee

**Ramidada (Pidikhola-Syanga)**

**Estd.: 2077**

---

## कुलायन मन्दिर स्थल

**बर्दघाट नगरपालिका–१४, गौरी टोल, गंगावस्ती, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल**

# प्रगति प्रतिवेदन-२०७७/०७८

## अध्यक्षको भनाइ तथा भावी रणनिती

हरेक मानिसको एउटा वंशवृक्ष हुन्छ, जसलाई पुर्खा वा कुल भन्ने गरिन्छ। कुलदेवता पूजा वा कुलायन पूजा धनन्जय गोत्रीय भुसाल परिवारहरुले आफ्नो कुल देवता अर्थात पुर्खालाई सम्झिने, सम्मान व्यक्त गर्ने र खुसि बनाउनको लागि वंशमा पूजा गरिने संस्कार हो। कुल देवताको पूजा गर्नाले अगती परेका पृतीहरूले मोक्ष पाउने र कुलको उद्धार हुने विश्वसका साथ कुल पूजा गर्ने गरिन्छ।

कुल बन्नको लागि आवश्यक आचार, विनय, विद्या, प्रतिष्ठा, दर्शन, निष्टा, वृत्ति, तप, दान गरी नौ वटा यही गुणहरुमा रहेर कुलमा आफ्ना पुर्खाहरुलाई सम्झिएर गरिने पूजा नै हाम्रो ***धनन्जय गोत्रीय भुसाल कुल पूजा*** हुनेछ।

मिति २०७७/०६/२१ गते बसेको प्रथम भेला, मिति २०७७/०७/०१ गतेको दोस्रो बृहत भेला र मिति २०७७/१०/२४ गते तेस्रो बैठकबाट ***भुसाल बन्धु कुल संरक्षण समिति***को स्थापना भएको हो। यस भुसाल बन्धु कुल संरक्षण समितिको तदर्थ कार्य समिति एवं आवश्यक उप समितिहरुको गठन गरी विविध कार्य प्रारम्भ गरिएको हो।

साविक नेपालको स्याङ्जा जिल्ला, पिंडीखोला गा.वि.स., रामीडाँडा वडा नं. ५, हाल गल्याङ्ग नगरपालिका वडा नं. १२ मा स्थायी वासिन्दा रहनुभएका र बसाँईसराईको शिलसिलामा देशको विभिन्न ठाँउमा बसोबास गर्नुहुने भुसाल परिवारका ७ पुस्तासम्मका दिवंगत पितृहरुलाई कुल देवी देवताहरुको रुपमा संरक्षण र कुल कुलायनको पूजा अर्चना गर्न मन्दिर निर्माण गरी सम्पूर्ण परिवारहरुको साझा चौतारी एवम् थलोको सुरुवात गर्दै एक आपसमा चिनाजान, भाइचारा र सहयोगको भावना अभिवृद्धि गर्नु यस भुसाल बन्धु कुल संरक्षण समितिको मुख्य उदेश्य रहेको छ।

अब म यस समितिलाई स्थापना गरी हालको अवस्थासम्म ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने समितिका सदस्यहरु लगायत विशेष सहयोग गर्नुहुने साथै भौतिक एवं नगद दान दिनुहुने सम्पूर्ण बन्धुहरुको योगदानलाई स्मरण गर्दै आभार प्रकट गर्न चाहन्छु। आ.वं २०७७/०७८ मा भएका महत्वपूर्ण निर्णयहरु लगाएत संस्थागत जानकारी सचिवको प्रतिवेदनबाट र आर्थिक सम्बन्धी विवरण आर्थिक संयोजकबाट आउने छ। अब म यस संस्थाको भावि कार्य योजनाहरु प्रस्तुत गर्न चाहन्छु।

### भावी लक्ष्य तथा कार्य योजनाहरु

क. समस्त बन्धुहरुलाई आ-आफ्ना कूल/मूलको खोजी गरी आफ्ना पुर्खाहरूको आचार र विचार पत्ता लगाई एक आपसमा गोल बद्ध गर्दै त्यस अनुसारको जीवनशैली बनाउन प्रेरित गर्ने गराउने।

ख. यस संस्थाका संस्थापक बन्धुहरूका थरका परिवार समूहमा पर्ने एवं भुसाल बन्धु परिवारहरुको व्यक्तिहरूमा अति गंभीर दुःख मर्काहरुमा उचित सहयोग पुऱ्याउन भुसाल बन्धु सहयोग अक्षयकोष खडा गरी सञ्चालन गर्ने, त्यसको व्याजबाट विभिन्न गम्भीर आपत्तिग्रस्त बन्धुहरूको अति आवश्यकतम सहयोग गर्ने गराउने।

ग) धनन्जय गोत्रीय विविध भुसाल थरहरूको पनि यथार्थ थात थलो पत्ता लगाई ती घरमा विभाजित भएका परिवारको खोजी गर्ने।

घ) यस भुसाल बन्धु मन्दिर परिसर प्रतिवर्ष चैत्र महिनामा चैते दशैंको अष्टमीका दिन वार्षिक महोत्सव/ कुल पुजा आरधना वृहत रुपमा गरी भव्य रूपले मनाउने साथै ठुलो दशै असोज/कार्तिक महिनामा पर्ने अष्टमीको दिन दुधधार सहितको कुल पुजा समेत गरिने छ।

## भुसाल बन्धु कुल मन्दिर निर्माणमा हाल सम्म भौतिक सहयोग गर्ने सहयोग दाताहरुको नामावली

| क्र. स | सहयोगको विवरण | सहयोग गर्नेको नाम | हालको ठेगाना |
|---|---|---|---|
| १ | मन्दिरको फलामे ढोका | डहरमुनि पण्डित धर्मागत भुसाल र श्रीमती खगिसरा | देवचुली नगरपालिका प्रगतिनगर |
| २ | मन्दिर भित्रको मौलो र झ्यालहरु | देवनारायण भुसाल | भरतपुर -७ श्रीजनाचोक |
| ३ | मन्दिरभित्र त्रिशुल | यम प्रसाद भुसाल | कावासोती नगरपालिका २ |
| ४ | मन्दिरको बाहिरी भागको चारैतिर भित्तामा टायल | गुरु प्रसाद भुसाल र श्रीमती रेनुक | देवदह-७ सिताल्नगर |
| ५ | मन्दिरको भित्रि भुइँ र भित्तामा टायल | तुलसीराम भुसाल र श्रीमती भुमादेवी | कावासोती घर्तिचोक |
| ६ | मन्दिर निर्माणको लागि २००० ईट्टा | शोभाकर भुसाल | बर्दघाट-१४ गंगबस्ती |
| ७ | १२ टाली माटो | सुभाष भुसाल | बर्दघाट-१४ गंगबस्ती |
| ८ | मन्दिरको शिरमा गजुर | शुभाखर भुसाल र श्रीमती श्यामकला | तिलोतमा नगरपालिका योगीकुटी |
| ९ | रङ्गरोगन | पेम नारायण भुसाल | देवचुली नगरपालिका धारापानी |
| १० | मन्दिर भित्रको लागि घण्ट | चक्रपाणी भुसाल र श्रीमती कल्पना | देवचुली -१२ लक्ष्मीपुर |
| ११ | मन्दिरको भित्र काली माताको मुर्ती | कृष्ण भुसाल र उहाको दाई | बुटवल लक्ष्मीनगर |

**भुसाल बन्धु कुल मन्दिर निर्माणमा हाल सम्म नगद रकम सहयोग गर्ने सहयोग दाताहरुको नामावली**

**प्रथम आर्थिक चन्दा सहयोग संकलन**

**मितिः २०७७/१२/** **स्थानः साहारा पार्टी प्यालेस दलदले, नवलपुर**

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | बालकृष्ण भुसाल (डेन्टल) | दलदले | १०००/– |
| २ | चुडामणी भुसाल | भरतपुर | १०००/– |
| ३ | पेम नारायण भुसाल | धारापानी | १०००/– |
| ४ | हरि प्रसाद भुसाल | भरतपुर | १०००/– |
| ५ | शिलाङ्गे दिदि | कावासोती | १०००/– |
| | **जम्मा रकम** | | **५०००/–** |
| ६ | बालकृष्ण भुसाल (कृष्ण) गैंडकोट | | सौजन्यः बिल प्याड/रसिद |

## तेस्रो आर्थिक चन्दा सहयोग संकलन

मिति २०७८ असोज २७ गते अष्टमीका दिन गंगावस्ती बर्दघाटमा कुल पुजा आरम्भका दिन आउनु भएका बन्धुहरु संग आर्थिक चन्दा सहयोग संकलन गरीएको नामावली यस प्रकार छ ।

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | हिरालाल भुसाल | बर्दघाट | ११००५/– |
| २ | ऋषीराम भुसाल | मोतिपुर | ५५००/– |
| ३ | गोविन्द प्रसाद भुसाल | मोतिपुर | ५०००/– |
| ४ | कमल प्रसाद भुसाल | मोतिपुर | ५०००/– |
| ५ | धनलाल भुसाल | मोतिपुर | ५०००/– |
| ६ | पिताम्बर भुसाल | मोतिपुर | ५०००/– |
| ७ | भुपराज भुसाल | बर्दघाट | ५०००/– |
| ८ | नारायण भुसाल | गैंडी | ५५५०/– |
| ९ | शलिकराम भुसाल | सुनवल | ५१२१/– |
| | **जम्मा** | | ५२,१७६/– |

## दोस्रो आर्थिक चन्दा सहयोग संकलन

**मितिः २०७७ चैत्र २९ गते का दिन**

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | जानुका भुसाल | कावासोती | ११००/– |
| २ | गुरु प्रसाद भुसाल (रेनुका) | देवदह | ५११११/– |
| ३ | प्रेम नारायण भुसाल | धारापानी | ५०००/– |
| ४ | देवका भुसाल | देवचुली | ५१०५/– |
| ५ | पारिश्वर पिताम्बर भुसाल | गैंडाकोट | ५०००/– |
| ६ | जयश्वर भुसाल | धारापानी | ५०००/– |
| ७ | लोकनाथ भुसाल | गैंडी | ५०००/– |
| ८ | नुमकान्त भुसाल | बुटवल | ५५५५/– |
| ९ | डाँसीराम भुसाल | मणिग्राम | ५५०५/– |
| १० | शोभाखर भुसाल | बग्दी | ५५००/– |
| ११ | शोभाकान्त भुसाल | तौलिहवा | ५५००/– |
| १२ | लोकनाथ भुसाल | बुटवल | ५५००/– |

| | | | |
|---|---|---|---|
| १३ | बालकृष्ण भुसाल (प्रकाश) | गैंडी | ५५००/– |
| १४ | हरी भुसाल | भरतपुर | ५५००/– |
| १५ | पंण्डीतनी आमा | कावासोती | ५५००/– |
| १६ | भिमलाल भुसाल | भरतपुर, चितवन | ५५००/– |
| १७ | यमलाल भुसाल | जगतपुर, चितवन | ५५००/– |
| १८ | बालकृष्ण भुसाल (डेन्टल) | दलदले, देवचुली | ५००५/– |
| १९ | पशुपति भुसाल | देवचुली | ५०००/– |
| जम्मा | | | १,४२,३८१/– |

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १ | पहिलो आर्थिक चन्दा सहयोग संकलन | ५,०००/– |
| २ | दोस्रो आर्थिक चन्दा सहयोग संकलन | १,४२,३८१/– |
| ३ | तेस्रो आर्थिक चन्दा सहयोग संकलन | ५२,१७६/– |
| जम्मा | | १,९९,५५७/– |

# थप जानकारी आउँदै छ ।

## कुल पुजा एवं भौतिक संरचना निमार्णतार्थ खर्च विवरण

१) मौलौ संरचना निर्माणको लागि निर्माण समितिलाई दिएको पेश्की रु. ५०,०००/–

२) कुल पुजा आरम्भ एवं मौलो पुजा खर्च रु. ८,२००/–

३) विविध खर्च रु. ५०००/–

३) मन्दिर निर्माणको लागि निर्माण समितिलाई दिएको पेश्की रु. १,००,०००/–

# थप पूर्ण विवरण आउँदै छ ।